# हेटौंडा उपमहानगरपालिका
## १७ नं. वडा कार्यालय
## गाविस चोक , हेटौंडा
### बागमती प्रदेश, नेपाल

# बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा पश्चात दिगोपनाका लागि पञ्चवर्षिय रणनीतिक योजना

**आ.व. २०८१|०८२ देखी २०८५|८६ सम्म**

**प्रकाशक**

हेटौंडा उपमहानगरपालिका

१७ नं. वडा कार्यालय

*प्रथम संस्करण, २०८१ श्रावण*

**सम्पादन सल्लाहकार**

उद्धव सत्यालः वडा अध्यक्ष, १७ नं. वडा

कृष्ण बहादुर अधिकारीः वडा सदस्य, १७ नं. वडा

विष्णु कुमारी लामिछानेः प्रमुख, महिला बालबालिका तथा समावेशीकरण महाशाखा

केशव प्रसाद लामिछानेः वडा सचिव, १७ नं. वडा

**<u>लेखन तथा सम्पादन</u>**

सपना ढुङ्गाना : बालमैत्री स्थानीय शासन, नगर सहजकर्ता, हेटौंडा उपमहानगरपालिका

**<u>लेखन सहयोग</u>**

मिना तिमल्सिना : बालमैत्री स्थानीय शासन, वडा सहजकर्ता, १७ नं. वडा

**डिजाईनिङ्ग/पेज सेटिङ्ग** : हेटौंडा उपमहानगरपालिका, १७ नं. वडा

***सर्वाधिकारः १७ नं. वडा कार्यालय***

# हेटौंडा उपमहानगरपालिका
# १७ नं. वडा कार्यालय
## गाविस चोक, हेटौंडा, मकवानपुर
**बागमती प्रदेश, नेपाल**


## मेरो प्रतिवद्धता

बालबालिकाहरु हाम्रो अमुल्य सम्पत्ति हुन, यिनीहरु आजका साझेदार र भविष्यका कर्णधार हुन जसको हामीले संरक्षण गर्नुपर्दछ। यिनीहरुको सुन्दर भविष्य निर्माणमा घरपरिवारको साथै यस वडाको ठूलो जिम्मेवारी र दायित्व हुन्छ। भविष्यमा वडा संचालनको एउटा ठूलो हिस्सा ओगटेको आजको बालबालिकाको क्षेत्रमा हामीले लगानी गर्नु आवश्यक छ।यहि कर्तब्य वोध भई यस १७ नं. वडाले २०७९ मंसिर २८ गते देखी बालमैत्री स्थानीय शासन पद्धतीको अवलम्बन गरी अवधारणाको सघन रुपमा सुरुवात गरेको थियो।जसको फलस्वरुप हाल १७ नं. वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाको अन्तिम चरणमा आइपुगेको छ।

यस वडामा बालमैत्री स्थानीय शासनको कार्यान्वयनका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले ब्यवस्था गरेका ५१ वटा सूचक प्राप्तीका लागि यस वडालाई उपयुक्त ठानी सघन रुपमा कार्यान्वयन गर्दै आज घोषणाको अन्तिम चरणमा आइपुग्दा तथ्याङ्कको अवस्था अध्यावधिक गरी सरोकारवालाहरुको सहभागितामा सूचकको अन्तिम अवस्था मापन, कागजात व्यवस्थापन फाईलसूची अनुगमन गराई वडाको अन्तिम प्रतिवेदन र स्थीति पत्र प्रतिवेदन प्रकाशनको अवस्थाको आधारमा बालमैत्री स्थानीय शासन घोषणाको निरन्तर दिगोपनाका लागि आ.ब. ०८०/०८१ देखी ०८४/०८५सम्मको पञ्चबर्षीय रणनीतिक योजना तयारी गर्न पाउँदा खुसी लागेको छ

अन्तर्राष्ट्रिय बालअधिकार महासन्धि सन १९८९ नवेम्बर २० मा नेपाल पक्ष राष्ट्र भई हस्ताक्षर गरी बालअधिकारका ४ पक्ष (बालबचाउको अधिकार, बालसंरक्षणको अधिकार, बालविकासको अधिकार, बाल सहभागिताको अधिकार) संरक्षणमा विशेष जोडदिईएको छ।बालबालिकाको हक हितका लागि बनेको संवैधानिक व्यवस्था, ऐन, नीति, निर्देशिका, कार्यविधिहरुको अक्षरस पालना गराउनु यस वडाको परम कर्तब्य हो भन्ने महसुस भएकै छ। यस रणनीतिक योजना वमोजिम आगामी दिनमा स्थलगत कार्ययोजना बनाई कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको निरन्तर व्यवस्था गरिने प्रतिबद्धता ब्यक्त गर्दछु।

अन्तमा यस १७ नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा तथा बालमैत्री स्थानीय शासनको एउटा सिकाई केन्द्रको रुपमा स्थापना गर्ने कार्यमा आ–आफ्नो तर्फवाट प्रत्यक्ष रुपमा सहयोग, समन्वय समझदारी गर्नुहुने सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

सम्पुर्ण बालबालिकाको उत्तरोत्तर प्रगति तथा उज्वल भविष्यको कामना।

उद्धव सत्याल
वडा अध्यक्ष एवं
बालमैत्री स्थानीय शासन वडा समिति अध्यक्ष




हेटौंडा उपमहानगरपालिका, वडा नं. १७ को नक्सा

**वडाको परिचय**

२०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भएको हो। नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका एक मात्र उपमहानगरपालिका बागमती प्रदेशको राजधानीको रुपमा रहेको छ। यस उपमहानगरपालिकामा जम्मा १९ वटा वडाहरु छन्।

यस हेटौंडा उपमहानगरपालिका वडा न. १७ साविकको हटिया गा.वि.स. वडा न. १,२,३.४ र ६ मिलेर वनेको हो । यस वडाको कुल क्षेत्रफल १५.०२ वर्ग कि.मि. रहेको छ भने यस वडाको पुर्व सिमानामा वडा नं. १८, पश्चिममा वडा नं. ६ उत्तरमा मकवानपुर गढी गाउँपालिका र दक्षिणतर्फ वडा नं. १६ अवस्थित छ। यसको अधिकांश भागहरू ग्रामीण स्तरका छन । यस वडा भित्र श्रीमतभागवत ज्ञान संचार वृदाश्रम, जुरेथूम पर्यटकीय क्षेत्र, शिवम् सिमेन्ट, राजदेवी पार्क सालक पार्क जस्ता धार्मिक तथा पर्यटकिय स्थलहरू समेत रहेका छन् ।

यस वडा नं. १७ मा कुल १५६२ घरपरिवार रहेकोमा ७७७१ जना जनसंख्या रहेको छ जसमा बालिकाको संख्या ९८० रबालक ११३० जना गरी जम्मा बालबालिका २११० जना रहेका छन् । यसैगरी महिलाको जनसंख्या २८३४ जना र पुरुष२८२७ जना जम्मा ५६६१ जना रहेको छ ।

**प्रमूख व्यवसाय र रोजगारीको अवस्था**

यस वडाका मानिसहरुको आर्थिक अवस्थालाई हेर्दा आर्थिक स्रोतको मुख्य पेशाहरु कृषि, ज्याला मजदुरी, सेवा-नोकरी, बैदेशिक रोजगारी रहेको छ । कुल घरपरिवारको ९५२ अर्थात ४१% घरपरिवार कृषि पेशामा रहेका छन् यसैगरी २११ अर्थात ९% घरपरिवारले व्यापार व्यवसाया पेशा गर्ने गरेका छन् । यसैगरी सेवा नोकरीमा यस वडाका २७० घरपरिवारका सदस्यहरु रहेका छन् । ज्याला मजदुरीलाई आफ्नो पेशा बनाउने २५% अर्थात ५७७ घरपरिवारका सदस्यहरु छन् ।

# बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा पश्चात दिगोपनाका लागि रणनीतिक योजना

## पृष्ठभूमि

सुदृढ , सक्षम, जवाफदेही , स्थानीय शासन पद्धति मार्फत बालअधिकारको समग्र पक्ष कार्यान्वयन गरी नेपालको संविधान २०७२ बमोजिम स्थानीयतहमा बालअधिकारको माध्यमद्धारा शासन प्रकृयामा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा नै बालमैत्री स्थानीय शासन हो ।संविधानमा भएको बालअधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ दफा १२ को उपदफा २ को (ग) , बालबालिका सम्बन्धी ऐन २०७५, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC),१९८९, लगायत बालबालिका सम्बन्धी अन्य कानून, वडा नगरको नीति तथा कार्यक्रमहरुले समेत बालअधिकारको समग्र पक्षलाई सम्बोधन गरेको छ । यो वडा समुदायको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेको छ । यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तर्भुत गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ । यस वडाले सोही कार्यलाई आत्मसाथ गर्दै बालमैत्री स्थानीय शासन र समग्र बालअधिकारको विषयलाई समग्र कार्य पद्धति र प्रणालीमा अन्तर्भूत गर्ने प्रतिवद्धता गरेको छ ।

असहाय,अनाथ,अपाङ्गता,जोखिममा रहेका बालबालिकाको संरक्षणमा जोड दिदै सबै सरकोरवालाहरुको सहभागिता सहितको बालसहभागिताको माध्यमबाट बालबालिकाको अधिकार संरक्षण र प्रर्वद्धन गर्न योजनावद्ध कार्यक्रमहरु संचालन गरी वडालाई २०८१ श्रावण मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी घोषणा पश्चात यसको निरन्तर दिगोपनाको सुनिश्चित गर्नको लागि यो बालमैत्री स्थानीय शासन घोषणा पश्चातको रणनीतिक योजना तयार गरिएको हो ।

## रणनीतिक योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरु

### लक्ष्य

१. सुदृढ, सक्षम र जवाफदेही स्थानीय शासन पद्धति मार्फत बालमैत्री स्थानीय शासनको प्रवर्धनबाट बालअधिकार प्राप्तीका लागि प्रयाप्त वातावरण सृजना भई बालबालिकाको लागि आवश्यक सेवाको उपलव्धता र गुणस्तरमा उल्लेखनीय सुधार भै सेवाको सुनिश्चतता भएको हुने ।
२. यो वडा बालमैत्री स्थानीय शासनयुक्त वडाको रुपमा निरन्तर कायम रहने।

### उद्देश्यहरु

१. बालमैत्रीस्थानीयशासनयुक्तवडाघोषणापश्चातपनिप्राप्तउपलव्धीहरुकायमराख्ने।
२. बालमैत्री स्थानीय शासनका ५१ वटै सूचकहरु सत प्रतिशत हाँसिल गर्ने ।
३. बालबालिकालाई प्रदान गरिने सेवा र अधिकारको क्षेत्रमा गुणस्तरमा सुधार गर्ने ।
४. रणनीतिक योजना बमोजिम उचित लगानी गर्ने ।
५. थप गुणस्तरीय बालमैत्री वातावरण तयार गर्ने ।
६. वडा कार्यालयको शासकीय पद्धतिलाई बालमैत्री बनाउने ।

## रणनीतिक योजना तर्जुमा प्रक्रिया

वि.सं. २०८० मंसिर २८ गते देखि बालमैत्री स्थानीय शासन अवलबन गरी विविध चरणमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति , कार्यविधिहरु, बालबालिकाको आवधिक लगानी योजना, बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा कार्ययोजना लगायतका योजनाहरु निर्माण गरी उक्त नीति तथा योजनाहरु कार्यान्वयन गरिएको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा तोकिएको न्यूनतम ५१ ओटा सूचक तथा ५ चरणको २८ ओटा तहगत खुडकिलाहरुलाई मूलआधार मानी उक्त सूचक तथा तहगत खुडकिला प्राप्त गरिसकेको अवस्था छ । हासिँल भएका अवस्थालाई निरन्तर टिकाई राख्न अत्यन्त जरुरी छ । बालमैत्री स्थानीय शासनयुक्त घोषणा पश्चात यसको दीगोपनाका लागि रणनीतिक योजना तयारी गर्दा विशेष रुपमा निम्न प्रक्रिया अवलम्बन गरिएको छः

- वडाकाजनप्रतिनिधिहरुवडासचिव, बालबालिका प्रतिनिधि शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्था ,बालमैत्री वडा सहजकर्ता, टोल विकास संस्थाहरुसंग कार्यशाला गोष्ठी गरी ।
- बिषयगत तथ्याङ्कको अध्यावधिक (अभिलेखको आधार लिई) ।
- बैठकमा सूचना संकलन गरी नगर र वडा सरोकारवालाहरुसंग सुझाव र पृष्ठपोषण माग ।
- नगरस्तरीय बालवस्तुगत विवरण ।
- स्थलगत अनुगमन ।
- नगरको नीति तथा कार्यक्रम वजेट

## दिगोपनाका लागि पञ्चबर्षीय रणनीतिक योजना तर्जुमा किन?

बालमैत्री स्थानीय शासन घोषणा गर्नु मात्र आफैमा पूर्ण प्रकृया होइन । घोषणा पश्चातको दिगोपना र निरन्तरतालाई ध्यानमा राख्न नसकिएमा घोषणा गर्नुको औचित्य नरहन सक्छ । त्यसकारण बालमैत्री स्थानीय शासनलाई निरन्तर टिकाइराख्न रणनीतिक योजनाको विशेष आवश्यकता महशुस गरी यो पञ्चवर्षिय योजना तयार गरिएको छ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ अनुसार बालबचाउ, बालसंरक्षण, बालबिकास,बालसहभागिता तथा संस्थागत बिकास अन्तर्गत सूचकहरुमा ३८ वटा सूचक १०० प्रतिशत र १० वटा सूचक अधिकतम ८०,९०,९५ प्रतिशत नतिजा प्राप्ती गरेपनि घोषणा गर्न सकिने प्रावधान भएता पनि त्यसले पूर्णता नपाउने देखिन्छ । तसर्थ बालबचाउको पूर्ण स्तनपान, गर्भवती र सुत्केरी जाँच, आइरन चक्की, हात धुने आनी बानी , त्यसैगरी बालसंरक्षणका बालविवाह, बालश्रम, घरेलुहिंसा, बालसंरक्षण प्रणाली, बालविकास अन्तर्गत बालमैत्री शिक्षण सिकाइ, आधारभूत शिक्षा, छात्रामैत्री शौचालय, बालसहभागिता अन्तर्गत निर्णय प्रक्रियामा सहभागिता, बालसमूहको क्षमता विकास एवं सक्रियता र संस्थागत विकास अन्तर्गत विद्यालय व्यवस्थापन समितिको क्रियाशिलता लगायतका सूचकहरुमा ८० प्रतिशत नतिजा प्राप्त गर्दा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न सकिने भएपनि ५१ वटा सूचकहरुमध्ये ४६ वटा सूचक १००, १ वटा सूचकमा ९८ प्रतिशत, २ ओटा सूचक ९५ प्रतिशत, १ वटा सूचकमा ८१ र १ सूचकमा ७६ प्रतिशत सम्म नतिजा हांसिल भएको देखिन्छ । उल्लेखनीय सुधार र निरन्तरताका साथ सत प्रतिशत लक्ष्य प्राप्तीका लागि यो रणनीतिक योजनाको औचित्य छ । साथै सत प्रतिशत नतिजा प्राप्त भएका सूचकहरुमा सोही नतिजाको निरन्तरताको लागि समेत यो रणनीतिक योजनाको औचित्य रहेको छ

## हेटौडा उपमहानगरपालिका १७ नं.वडाको शासकीय अवस्था विश्लेषण

| | |
|---|---|
| सबल पक्ष | ❖ वडाका जनप्रतिनिधि, राजनीतिक दल र मुख्य बिषयगत सरोकारवालाहरु वडाको समृद्धि र विकासका लागि एकजुट हुने गरेको पाइएको अनुभव ।<br>❖ वडा खुल्ला दिशा मुक्त घोषणा भएको ।<br>❖ पूर्णखोप वडा घोषणा भएको छ ।<br>❖ पूर्ण साक्षर नगर घोषणा भएको छ।<br>❖ शैक्षिक संस्थाको उचित पहुँच रहेको ।<br>❖ बालमैत्री स्थानीय शासनको सवालमा समुदाय सचेत उन्मुख भएको।<br>❖ बालमैत्री स्थानीय शासनको सवालमा उत्पन्न समस्या माथि कार्यपालिकाले बिशेष चांसो लिई समाधान गर्ने गरेको ।<br>❖ बालसमूह, बालसमूह संजाल सक्रिय भएको र बालबालिकाको क्षमता विकास उन्मुख भएको ।<br>❖ बालमैत्री स्थानीय शासन पद्धतिको रुपमा संस्कार विकास हुनु।<br>❖ बालमैत्री आचारसंहिता र बालसंरक्षण कार्ययोजना बनेको ।<br>❖ बालमैत्री स्थानीय शासनयुक्त घोषणा पश्चातको दिगोपनाका लागि रणनीतिक योजना निर्माण र वडा समितिवाट पारित हुने ।<br>❖ बालमैत्री वडा सहजकर्ता निरन्तर परिचालित रहेको।<br>❖ वडा तथा नगरमा बालमैत्री शाखाको स्थापना हुनु र वडामा १ जना जनप्रतिनिधि सम्पर्क ब्यक्तिको रुपमा काम गर्नु। |
| दुर्वल पक्ष | ❖ मागको आधारमा स्रोतसाधनको उपलब्धतामा कमी ।<br>❖ आवश्यक पूर्ण जनचेतनाको अभाव ।<br>❖ दक्ष जनशक्तिको आभाव।<br>❖ सबै विद्यालयका भैतिक संरचना बालमैत्री अपाङ्गमैत्री व्यवस्थापनमा एकरुपता नहुनु।<br>❖ व्यवसायिक र औद्योगिक क्षेत्र भएकोले बालश्रम देखिन सक्ने । |

## बाँच्न पाउने अधिकार सम्बन्धी वडास्तरीय सूचकहरुको अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेख गरिएका बाँच्न पाउने अधिकार सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छ ;

| क्र.स. | सुचक | आधार वर्षको अवस्था (०७९/८०) | हालको अवश्था (२०८१/०४/१४सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सुचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ८ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने | | १००% | ९५% | ८४ जना गर्भवतीमध्येसमय पुगेका ६९ जनाले ८ पटक जाँचगराएका छन् र अन्यले समयानुसार गराउदैं छन। सुत्केरी आमा सहित १०३ जना नवजात शिशु सबैले जाँच गराएका छन्। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | | १००% | ९५% | ८४ जना गर्भवती मध्ये समय पुगेका सबै जनाले टिडी विरुद्धको खोप लगाएका छन्। |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् । | | १००% | ९५% | १०३ जना सुत्केरी सबैले २२५ वटा आइरन चक्की खाएका छन्र जना गर्भवतीले नियमित खादै छन्। |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराईएका हुनेछन् । | | १००% | ८०% | १०३ जना गर्भवती मध्ये १०३ जना स्वास्थ्य संस्थामा सुत्केरी भएका छन्। |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पुर्ण स्तनपान गराएका हुनेछन् । | | ७६% | ८०% | ६ महिनाका १०३ जना शिशु मध्ये ७८ जना शिशुले पुर्ण स्तनपान पाएका छन्। |
| ६ | छ महिला देखि पाँच वर्ष मुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाईएको हुनेछ। | | १००% | १००% | ६ महिना देखि ५ वर्ष मुनिका ७०५ जना सबै बालबालिका ले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका छन्। ६ ) महिना देखी ११ महिनाका ६४ जना र १२ महिना देखी ५९ महिनाका ६४१ जनालाई खवाईएको |
| ७ | १५ देखी २३ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पुर्ण खोप प्राप्त गरी पूर्णखोपयुक्त घोषणा भएको हुनेछ। | | १००% | १००% | १५ देखी २३ महिना भित्रका स्थानीय १०३ जना र अन्यत्रका बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पुर्ण खोप प्राप्त गरी पूर्णखोपयुक्त वडा घोषणा भएको छ। |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV prophylaxis पाएका हुनेछन् | | १००% | १००% | एच्आईभी संक्रमित बालबालिका नभएको। |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका घरपरिवार सबैले आयोडिनयुक्त नुनको प्रयोग गरेका छन्। |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | १००% | ८०% | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरु नभएको। |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | | १००% | १००% | अति कडा कुपोषण भएका बालबालिका नरहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सबै घरधुरीमा आधारभुत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | | १००% | १००% | सबै घरधुरीमा खानेपानीको सुबिधा रहेको छ। |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ | | १००% | १००% | सबै घरपरिवारमा साबुन पानीले हात धुने परिपाटीको विकास भएको छ। |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ। | | १००% | १००% | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका छन र खुल्ला दिसामुक्त घोषणा भइसकेको छ। |

## बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्था

बालसंरक्षणका सूचकको अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सुचक | आधार वर्षको अवस्था (०७९/८०) | हालको अवस्था (२०८१/०४/१४ सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सुचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | | १००% | १००% | वडाको घटना दर्ताको जन्मदर्ता अभिलेख अनुसार सबैको जन्मदर्ता भएको। |
| २ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ। | | १००% | १००% | वडा बाल अधिकार समिति र टोल विकास बाट नियमित अनुगमन एवं निगरानी भएको, यस वडाका १८ वर्ष मुनिका २११० जना बालबालिका कोहि पनि कुनै प्रकारको श्रममा नरहेको। |
| ३ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | | १००% | १००% | वडा बाल अधिकार समिति, टोल विकास र बालसमुहबाट सचेतनामुलक कार्यक्रम साथै नियमित अनुगमन एवं निगरानी भएको, २०८० श्रावण देखि हालसम्म २० वर्ष मुनिका विबाह नभएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विझालय, सामाजिक चाडपर्व,भेला)मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुव्र्यवहारमा कमि आएको हुनेछ । | | ८०% | ८१% | वडा बालअधिकार समिति, टोल विकास, आमा समुह, सुरक्षा निकाय र बाल समुहको सकृयतामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल रहेको, सचेतनामुलक अभिमुखिकरण र अन्य कार्यक्रम सञ्चालन भएको। |
| ५ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई संचालनमा ल्याईएको हुनेछ। | | १००% | १००% | वडा बालअधिकार समितिको वैठक नियमित, टोल विकास, आमा समुह, सुरक्षा निकाय र बाल समुहको सकृयता मा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल, वडामा बालमैत्री सम्पर्क शाखा स्थापना, वडा, विद्यालय र प्रहरी चौकीमा बालमैत्री सम्पर्क व्यक्ति तोकेको र गुनासो पेटिका राखि सुनुवाईको व्यवस्था मिलाईएको, बालमैत्री वडा सहजकर्ता परिचालन। |
| ६ | छाउपडि, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ। | | ९५% | ९८% | यस वडामा यस्ता कुप्रथा नरहेकोले यो सूचक पुर्ण भएको पाईयो । |
| ७ | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएका) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन् । | | १००% | १००% | यस वडामा १४ वर्ष मुनिका असहाय बालबालिका नभएको र भएमा नगर मार्फत मासिक २००० शैक्षिक सहयोग उपलब्ध गर्ने व्यवस्था रहेको। |
| ८ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ ।( सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्वस्थापन भएको हुने | | १००% | १००% | यस वडामा सडक बालबलिका नरहेको। |
| ९ | स्थानीय तहमा रहेका विझालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | १००% | १००% | सबै विद्यालयले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिनेछैनौ भनि लिखित प्रतिवद्धता गरेका छन। |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | | १००% | १००% | कुलतमा लागेका बालकलाई मामाघर नेपाल र बालिकालाई माईती नेपालमा राखी परामर्श र आवश्यकता अनुसार उपचार गर्न नगरसंग सम्झौता भए अनुसार वडाले सिफारिस गरि पठाउने व्यवस्था मिलाईएको। |

# बाल संरक्षण कार्ययोजना

**सम्वोधन तथा सुधारका लागी गरिने कृयाकलापहरुः**

| समस्या/सवाल | सम्वोधन तथा सुधारका लागि गरिने कृयाकलाप | |
|---|---|---|
| बालविबाह | १ | विद्यालयस्तरमा गएर बालविवाह तथा बालविवाहले पुर्याउने असर सम्बन्धी १,१ घन्टा अन्तरक्रिया सत्र संचालन गर्ने । |
| | २ | बालविवाह सम्बन्धी बेलाबेलामा सडक नाटक, र्‍याली, माईकिङ, पत्राचार गर्ने । |
| | ३ | किशोर किशोरीहरुलाई शिक्षामा बढी जोड दिने, यसका लागि अतिविपन्न परिवारका बालबालिकालाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति दिने । |
| | ४ | अभिभावक , पुरोहित, पण्डित र समुदायका अगुवा व्यक्तिलाई बालअधिकार समितिले कानूनी अभिमुखीकरण गर्ने |
| | ५ | टोल,टोलमा कानूनी सचेतना कार्यक्रम संचालन गर्ने । |
| | ६ | बालसमूह सञ्जाल तथा ६ वटै विद्यालय र १६ टोलस्तरीय बालसमूहहरुलाई बालविवाह सम्बन्धी क्षमता अभिवृद्धि तालिम दिने |
| | ७ | बालविवाह भएको घरमा भोज नखाने तथा सहभागी नहुने भन्ने कुरालाई प्रोत्साहित गर्ने र वैवाहिक निमन्त्रणा स्वीकार गर्दा उमेरको जानकारी राख्ने सम्बन्धी सचेनतामुलक क्रियाकलाप गर्ने । |
| | ८ | बालविवाह हुन नदिन घर घरमा सचेतना सावधान पत्र टांस गर्ने |
| | ९ | बालविवाह मुक्त वडा घोषणा गर्ने |
| निकृष्ट बालश्रम | १० | सचेतनामुलक कार्यक्रम (घरदैलो कार्यक्रम, अन्तरक्रिया, र्‍याली, प्रतियोगितात्मक कार्यक्रमहरु आदि) |
| | ११ | हाटेल, उद्योग, व्यापारी, अभिभावक आदि बीच अन्तरक्रिया, छलफल कार्यक्रम सञ्चालन र प्रतिबद्धता गराउने |
| | १२ | निकृष्ट बालश्रमिक बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्ने |
| | १३ | विद्यालय भर्ना हुन नसकेका १४ वर्षमाथिका र १८ वर्षभन्दा मुनिका बालबालिकालाई रोजगारमुलक तालिम प्रदान गर्ने |
| | १४ | निकृष्ट बालश्रम मुक्त वडा घोषणा गर्ने |
| | १५ | अति पिछडिएका बालबालिकाका लागि कार्यक्रमको तर्जुमा गर्ने |
| | १६ | निकृष्ट बालश्रम र यसको असर, कानूनी व्यवस्था बारे प्रचारप्रसार पोस्टरिङ), माइकिङ, होडिङ्गबोर्ड, र्‍याली, सडक नाटक भित्तेलेखन गर्ने |

| | | |
|---|---|---|
| | | निकृष्ट बालश्रमिकका परिवारलाई आयमुलक तथा रोजगारमुलक तालिमको व्यवस्था मिलाउने |
| | १७ | निकृष्ट बालश्रम लगाउने व्यापारी, उद्योगधन्दा र अन्य सबैमा बालश्रमका असर, दण्ड सजाय बारेमा राम्ररी जानकारी गराउने |
| | १८ | व्यापार व्यवसाय दर्ता तथा नविकरण गर्दा बालश्रमुक्त भएको सुनिश्चित गर्ने कार्यलाई निरन्तरता दिने |
| हिसां, दुर्व्यवहार, शारीरिक दण्ड सजाय, बेचबिखन | १९ | घरेलू कसूर सजाय नियमित ऐन २०६६ बमोजिम समुदायमा सचेतना कार्यक्रम गर्ने |
| | २० | विद्यालयमा गुनासो सुनुवाई समिति गठन र परिचालन (सामुदायिक तथा निजी दुबैमा) गर्ने |
| | २१ | अति विपन्न परिवारलाई लक्षित कार्यक्रम ( सिपमुलक तालिम दिने र व्यवसाय सञ्चालनका लागि बिउँपुजी व्यवस्थापन) |
| | २२ | अभिभावक, संघसंस्था, बालबालिका तथा विद्यालयमा बालमैत्री आचारसंहिताको व्यापक प्रचार प्रसार तथा पालना गर्ने |
| | २३ | लिङ्ग पहिचन गरी भ्रुण हत्या जस्ता अपराध नियन्त्रणका लागि विभिन्न कानुनी सचेतना गर्ने |
| | २४ | वडा अध्यक्ष ,विद्यालय शिक्षक तथा विद्यार्थीहरुसँग नियमित अन्तरक्रिया |
| | २५ | शिक्षकहरुलाई भयरहित शिक्षण सिकाई विधि विषयक तालिम सञ्चालन |
| | २६ | घरेलु हिंसा न्यूनीकरणका लागि अभिभावक तथा बालबालिका बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन |
| विद्यालय भर्ना भई नियमित बिद्यालय नजानु | २७ | अभिभावलाई शैक्षिक सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने |
| | २८ | एक घर ५ मिनेट शिक्षक कार्यक्रम गर्ने |
| | २९ | बालविकास केँन्द्रमा दिवा खाजाको व्यवस्था गर्ने |
| | ३० | शिक्षक, अभिभावक तथा विद्यार्थी अन्तरक्रिया सञ्चालन गर्ने |
| | ३१ | अति वपन्न परिवारका बालबालिका पहिचान गरी छात्रवृत्ति लगायत |
| | ३२ | पोशाक तथा शैक्षिक सामग्रीहरुको वितरण गर्ने गराउने । |
| | ३३ | विद्यालयमा पारिवारिक वातावरण साथै खेल सामग्रीहरु उपलब्ध गराउने । |
| लागु पदार्थ सेवन तथा दुर्व्यसन | ३४ | लागू पदार्थ दुर्व्यसनी सम्बन्धी सडक नाटक देखाउने ,माइकिङ गर्ने |
| | ३५ | लक्षित टोल र समुदायमा जनचेतनामुलक तालिम तथा अभिमुखीकरण सञ्चालन गर्ने। |
| | ३६ | ठाउँ ठाउँमा दुर्व्यसनी विरुद्धको होडिङबोर्ड राख्ने । |
| | ३७ | नगरपालिकाले तयार गरेको समाजिक सुधार ऐन,लागू पदार्थ दुर्व्यसन विरुद्धको आचारसंहिता र निर्देशिका वडामा कडाईका साथ लागू गर्ने र प्रचारप्रसार गर्ने । |
| | ३८ | १८ वर्षमुनिका बालबालिकालाई चुरोट, खैनी बिक्री वितरण गर्ने कार्यमा रोक लगाउने । |
| | ३९ | घरेलु मदिरा जन्य पदार्थको उत्पादन र व्यवसायलाई वैकल्पिक व्यवसाय गर्न उत्प्रेरित गर्ने |
| | ४० | लागू पदार्थ दुर्व्यसनी विरुद्ध कडाइका साथ नियम पालना गर्ने\गराउने |

| | | |
|---|---|---|
| | ४१ | विद्यालयको चारै तर्फ १०० मिटरको दुरीमा मध्यपान,धुम्रपान तथा सुर्तिजन्य पदार्थ विक्री वितरण नगर्ने वारे आवस्यक उपाय गर्ने |
| आकस्मिक अवस्थामा परेका बालबालिका तथा राजनीतिक गतिविधि, बन्द हड्तालमा बालबालिका को प्रयोग | ४२ | जोखिममा पर्न सक्ने वस्ती र समुदाय पहिचान गर्ने र जोखिम नक्साङ्कन गर्ने |
| | ४३ | महिला तथा बालबालिकाका लागि आपत्कालीन कोषको स्थापना र सो कोष सञ्चालन कार्यविधि बनाउने । |
| | ४४ | अल्पकालीन सुरक्षा तथा आश्रय केन्द्र स्थापना गर्ने । |
| | ४५ | बालसंरक्षणका सम्बन्धमा राजनीतिक दलहरुले हस्ताक्षर गरेको बालसंरक्षण आचार संहिताको व्यापक प्रचार-प्रसार गर्ने |
| | ४६ | बेला बेलामा विपत ब्यवस्थापन समितिको वैठकमा विपद् पुर्वानुमान, विपद् प्रतिरोधात्मक कार्ययोजना, जोखिमको तयारी, जगेडा सामाग्री आदी बारे समिक्षागर्ने |
| | ४७ | राजनीतिक गतिविधी, बन्द, हड्तालमा बालबालिका प्रयोग नगर्न राजनीतिक दलहरुसंग अन्तर्क्रिया गर्ने |
| | ४८ | समुदायमा रहेका बालसंरक्षण प्रणालीलाई क्रियाशील बनाई राख्ने |
| | ४९ | विपद्को अवस्था पीडित तथा प्रभावितहरुलाई विषयगत क्षेत्रका (संरक्षण, खानेपानी तथा सरसफाई, स्वास्थ्य, उद्धार र पुनर्स्थापना आदि) आधारमा गरिने सहायता सम्बन्धी वडाका कर्मचारीहरु र मुख्य सरोकारवालाहरुलाई तालिम दिई तयारी अवस्थामा राख्ने। |
| कोभिड १९ लगायत अन्यमहामारीबाट बालसंरक्षण | ५० | वडाले पूर्व कार्ययोजना तयारी गरी  बालबचाउका मुल्य मान्यता अवलम्बन गर्ने विशेष गरी विद्यालय स्तरीय विभिन्न कार्यक्रम गर्ने |

## बालविकाससम्बन्धीसूचकहरुकोअवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेख गरिएका बालबालिकाको विकासको अधिकार सम्बन्धी सूचकहरुको अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सुचक | आधार वर्षको अवश्था (०७९/८० | हालको अवश्था (२०८१/४/१४ सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सुचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने ) | | १००% | १००% | यस वडाका ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको। |
| २ | ५ देखि १४ वर्ष उमेर समुहका | | १००% | १००% | यस वडाका ५ देखि १४ वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | सतप्रतिशत बालबालिकाले आधारभुत शिक्षा ( १ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन् । | | | | उमेर समुहका सबै बालबालिकाहरुले आधारभुत शिक्षा प्राप्त गरेका छन् । |
| ३ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । | | १००% | १००% | ५ सामुदायिक र १ संस्थागत गरि ६ वटा विद्यालय सबैमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालय, प्याड र ईन्सिनेटर च्याम्बरको व्यवस्था भै यसको प्रयोग भएको। |
| ४ | सबै विद्यालयका पूर्वाधार ( कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा ) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | | १००% | १००% | यस वडाका ६ वटै विद्यालयका पूर्वाधार कक्षाकोठा ), फर्निचर, खेलमैदान, खानेपानी धारा ( सुधार पश्चात बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुँदै गरेको। |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलापसम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ | | १००% | १००% | यस वडाका ६ वटै विद्यालयका विद्यार्थीलाई नियमित अतिरिक्त कृयाकलापमा सहभागी गराई सोको अभिलेखिकरण गरिएको। |
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था हुनेछन्। | | १००% | १००% | सवै विद्यालयले कुहिने र नकुहिने फोहोर लेवल अनुसारको डस्टबिनमा वर्गिकरण गरि उचित विसर्जन गर्ने गरेको। |

## बालसहभागिताका सूचकहरुको अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेख गरिएका बालबालिकाको सहभागिताको अधिकार सम्बन्धी सूचकहरुको अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सुचक | आधार वर्षको अवश्था (०७९/८०) | हालको अवश्था (२०८१/०४/१४सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सुचकको व्याख्या |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा समावेशी आधारमा बाल संजाल गठन भई क्रियाशिल ( न्युनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम संचालन ) रहेका हुनेछन् । | | १००% | ९५% | मिति २०८० वैशाख १३ गते गठन भएको वडास्तरीय बालसंजालको बैठक र अतिरिक्त कृयाकलाप नियमित र नगरमा सुचिकृत। |
| २ | स्थानीय तहमा वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल समुहगठन भै क्रियाशील ( न्युनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम संचालन ) रहेका हुनेछन् । | | १००% | ९५% | टोलस्तरीय १६ र विद्यालयस्तरीय ६ वटा गरि २२ वटा बाल समुहको बैठक र अतिरिक्त कृयाकलाप नियमित, सबै बाल समुह वडामा सुचिकृत। |
| ३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ | | १००% | १००% | पाँच कक्षा भन्दा माथी अध्ययन हुने ६ वटा विद्यालयका ब्यवस्थापन समितिमा बालसमूहको आमन्त्रित सहभागिता रहेको। |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल समुहको संजालको प्रतिनिधित्व रहनेछ। | | १००% | १००% | स्वास्थ्य व्यवस्थापन समितिमा वडा बाल संजालका १ बालक १ बालिकाको आमन्त्रित प्रतिनिधित्व रहेको। |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/ समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | १००% | ९०% | वडामा रहेको विभिन्न सरोकारवाला समितिमा १ बालक र १ बालिकाको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिएको। |
| ६ | बालभेलाबाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समाबेश भएका हुनेछन्। | | १००% | १००% | मिति २०८०/०१/१३ गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भै आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरिएको, पञ्चवर्षिय लगानी योजना नगर कार्यपालिकाबाट स्विकृत भएको। |

## संस्थागत विकास सूचकको अवस्था

हेटौडा उपमहानगरपालिकाको कार्यपालिकाले २०७९ भाद्र २४ गते बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गर्ने निर्णय गरीसकेपछि यस १७ नं. वडामा सूचक प्राप्ती सहित बालमैत्री वातावरण निर्माणका लागि निरन्तर कार्य हुदै आएको छ । वडाले सबै मापदण्डहरु पूरा गरी बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी घोषणाको संस्थागत विकासको महत्वपूर्ण आधारतय भएको छ।

वडा कार्यालयले विगतका दिन देखि नै बालमैत्री स्थानीय शासनको संस्थागत विकासका लागि वडामा बालमैत्री सम्पर्क शाखा स्थापना गरी बालमैत्री स्थानीय शासनको गतिविधि संचालनका लागि वडामा बालमैत्री सहजकर्ता परिचालन गरेको छ।बालबालिकाको आवधिक लगानी योजना बमोजिम बालमैत्री स्थानीय शासनका गतिविधिहरु संचालन भइरहेका छन्।संस्थागतविकासको लागि बालसमूह गठन, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समितिमा आमन्त्रित बालसहभागिता सुनिश्चित, बालमैत्री स्थानीय शासन वडा समिति गठन गरी उक्त समितिहरुको क्षमता विकासका लागि सचेतनामुलक कार्यहरु गर्दै आइरहेको छ। विषयगत सरोकारवालाहरुको समन्वयमा नियमित अनुगमन र समिक्षा हुने गरेको छ।नगरवाट प्राप्त बालमैत्री आचारसंहिता कार्यान्वयनमा आएको छ।बालबालिकाको लागि आवधिक लगानी योजना तयार भई कार्यान्वयनमा आएको छ भने प्रत्येक वर्ष बालभेलाबाट आउने गरेका मागलाई समावेश गरी बालबालिकाको वार्षिक कार्ययोजना बनाई कार्यान्वयन हुने गरेको छ। बालमैत्री स्थानीय शासन वडा समिति, वडा समिति, वडास्तरीय बाल समूह संजाल, वडा बालअधिकार समिति लगायतको नियमित वैठक बस्ने गरको छ। बालसंरक्षण कार्ययोजना तयार गरेको छ भने बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा र निरन्तर रुपमा संस्थागत विकासको लागि यस १७ नं. वडाले बालमैत्री स्थानीय शासन घोषणा पश्चात दिगोपनाका लागि पञ्चबर्षिय रणनीतिक योजना समेत तयार गरेको छ।

संस्थागत विकास कै सन्दर्भमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा, बालअधिकार र बालसहभागिताको सुनिश्चिता र बालमैत्री स्थानीय शासनयुक्त घोषणा पश्चातको दिगोपनाका लागि बालमैत्री स्थानीय शासनको संस्थागत भविष्यका लागि वडा तथा नगरले नीतिमा लिएका विषयहरुः

- बालविवाह, निकृष्ट बालश्रम र बालशोषणलाई निरुत्साहित गरिनेछ।
- बालमैत्री आचारसंहिता, बालबालिकाको लागि आवधिक लगानी योजना, बालबालिकाको स्थ‍ीतीपत्र अद्यावधिक गर्दै बालमैत्री स्थानीय शासन घोषणा पश्चातको रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
- नपा तथा वडास्तरीय प्रतिवद्धता अनुरुप सम्पूर्ण सूचकहरु पूरा गरी बालमैत्री स्थानीय शासन प्रवर्धन गर्दै २०८१ श्रावण महिनाभित्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिनेछ।
- लैङ्गिक तथा बालअधिकारको विकेन्द्रित मूल प्रवाहिकरणका समस्त प्रक्रियामा वडा तथा स्थानीय तहको नेतृत्व रहने गरी सहजीकरण गरिनेछ।
- सामाजिक परिचालनको माध्यमबाट सामाजिक सचेतना बढाउँदै नागरिकहरुलाई विकासमा आवद्ध गराइनेछ।आयआर्जन विकास, बालमैत्री, सरसफाई र वातावरणमैत्री टोल बनाउने कार्यमा स्वतःस्फूर्त सहभागी गराइनेछ।
- विद्यालयहरुमा बालबालिकाको सहभागिता र विकास सम्बन्धी अधिकारको सुनिश्चितता गर्दै बालबालिकाप्रति हुने हिंसा र दुर्व्यवहारलाई निरुत्साहित एवं निषेध गर्न विभिन्न प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
- विद्यालय नियमितता कायम गर्न वडाको क्षेत्र भित्रका बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाका लागि बालविकास केन्द्रहरुलाई बालबालिकाको संख्याको आधारमा बालबालिका पोषण तथा खाजा निरन्तर उपलब्ध गराइनेछ।
- सभ्य, स्वावलम्बी, सुसंस्कृत, क्षमतावान, योग्य र दक्ष नागरिक उत्पादनका लागि किशोरकिशोरी शिक्षा लागू गरिनेछ।स्वास्थ्यसेवा अन्तर्गत उपचारको क्रममा वडा भित्रका अशक्त, अपाङ्ग, बिरामी, वेवारिसे, असहाय, गर्भवती महिला तथा बालबालिकाहरुलाई प्रोत्साहनमा प्राथमिकता दिइनेछ।

❖ वडा पूर्ण खोप सुनिश्चित घोषणा भईसकेको छ। पूर्ण खोप सुनिश्चित र दिगोपनाका लागि आवश्यक प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गर्दै लगिनेछ।

## संस्थागतविकाससूचककोअवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८मा उल्लेख गरिएका संस्थागत सूचकहरुको अवस्था यस प्रकार रहेको छः

| क्र स | सुचक | आधार वर्षको अवस्था (०७९/८०) | हालको अवस्था (२०८१/०४/१४ सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सुचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशिल रहेका हुनेछन्। | | १००% | १००% | बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समिति गठन र सक्रिय रहेको। |
| २ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | | १००% | १००% | निम्न नीति, कार्यविधि र निर्देशिका कार्यान्वयनमा ल्याईएकोः<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति, २०७९ (बालमैत्री आचारसंहिता समावेश गरिएको)<br>• हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन, २०७७<br>• बाल समुह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७६<br>• बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९<br>• बालमैत्री स्थानिय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि, २०७७<br>• प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि, २०८०<br>• विद्यालय बस सञ्चालन निर्देशिका, २०८० |
| ३ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्रीसिकाई स्रोत | | १००% | ८०% | • हेटौंडा ५, पुष्पलाल पार्कमा अवस्थित नगरस्तरीय बाल उद्यानमा बालमैत्री सिकाई स्रोत केन्द्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | केन्द्र संचालनमा रहेको हुनेछ। | | | | स्थापना भई सञ्चालनमा ल्याईएको। |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल)को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ। | | १००% | १००% | बाल बस्तुगत विवरण तयार भए पश्चात २०८०/०९/१७ मा पञ्चवर्षिय लगानी योजना निर्माण गरि नगर कार्यपालिकाबाट स्विकृत भएको । |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ/ नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछन्। | | १००% | १००% | मिति २०८०/०१/१३ गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भै आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरि कार्यान्वयन भएको। |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएकोहुनेछ । | | १००% | १००% | वडा नं. १७ को अन्तिम स्थीति पत्र २०८१ जारी हुदैं गरेको। |
| ७ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानिय तहले तोकेको न्युनतम मापदण्ड पुरा गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका ६ वटै बाल विकास केन्द्र नगरको प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि, २०८० को मापदण्ड अनुसार सञ्चालन हुदैं गरेको। |
| ८ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपदव्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा संचालन गरेका हुनेछन् । | | १००% | १००% | सवै विद्यालयले अतिरिक्त कृयाकलाप अन्तर्गत बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्वन्धी प्रयोगात्मक कक्षा सञ्चालन गरेको। |
| ९ | आधारभुत शिक्षा पश्चात विद्यालयका शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमुलक तालिम) प्राप्त गरेका हुनेछन् । | | १००% | ८०% | यसवडामाआधारभुत विद्यालय शिक्षावाट बञ्चित भएका बालबालिकाहरु नरहेका र बालसमूहमा आवद्ध बालबालिकालाई नियमित रुपमा व्यवहारिक ज्ञान, बोली व्यवहार, पारिवारिक संस्कार बारे जीवन उपयोगी शिक्षा दिने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरिएको। |
| १० | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाई रहेको हुनेछ। | | १००% | १००% | स्थानीय ईलाका प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क शाखा स्थापना गरि बालमैत्री सम्पर्क व्यक्ति समेत तोकिएको। |
| ११ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्युनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | १००% | १००% | यस वडाका ३ विद्यालय (बालबोध, लक्ष्मीपुर, राजदेवी) ले सञ्चालन गरिरहेको स्कुल बस नगरको विद्यालय बस सञ्चालन निर्देशिका, २०८० को मापदण्ड अनुरुप सञ्चालन हुँदै गरेको । |
| १२ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | | १००% | १००% | वडा कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको। |
| १३ | बसपार्क, सिनेमा हल, हाट बजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। | | १००% | १००% | सार्बजनिक स्थानमा र सिनेमाहलहरुमा खानेपानी धारा र शौचालय बालमैत्री रहेको। |
| १४ | स्थानीय तहको विपदव्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। | | १००% | १००% | आमन्त्रित बाल सहभागिता सहित विपद् व्यवस्थापन समिति गठन भई बैठक बसेको। |
| १५ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | १००% | १००% | विपद् व्यवस्थापन कोषको व्यवस्था गरि विपद् व्यवस्थापन सामाग्री जगेडा राख्ने व्यवस्था हुदैं गरेको। |

## हेटौंडा उपमहानगरपालिका तथा वडामा बालबालिकाको क्षेत्रमा प्रत्यक्ष रुपमा कार्य गर्ने साझेदार/सहयोगी संस्थाहरुको पहिचान

बालमैत्री स्थानीय शासनयुक्त घोषणा र यसको निरन्तरताको लागि नगर र वडा कार्यालयको प्रयासबाट मात्र सम्भव नहुने हुँदा वडामा  रहेका विभिन्न संघ संस्था र साझेदार निकायहरुको सहयोग आवश्यकता पर्दछ। बालमैत्री स्थानीय शासनयुक्त घोषणा तथा दिगोपनाका लागि सहयोग गर्ने सरोकारवालहरु यस प्रकार रहेका छन्ः

| कार्यालय/संस्थाको नाम | बालमैत्री स्थानीय शासनको क्षेत्रमा गर्ने मुख्य मुख्य काम |
|---|---|
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | घोषणा दिगोपनाका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ तथा घोषणा कार्यविधि बमोजिम नगर तथा वडालाई अनुगमन,सहयोग,सुझाव नीति,निर्देशिका प्रदान। |
| बागमती प्रदेशको सरकार | संविधान, ऐन कानून, कार्यबिधि अनुसार बालमैत्री स्थानीय शासन अवधारणलाई संस्थागत गर्न, आर्थिक तथा सामाजिक सहयोग,अनुगमन पृष्टपोषण आदि । |
| जिल्ला समन्वय समितको कार्यालय हेटौडा ,मकवानपुर | वडा तथा नगरपालिकाको क्षमता विकास र बालमैत्री स्थानीय शासनको नियमित अनुगमन, दिगोपनाका लागि पृष्टपोषण |
| नगरपालिका र वडा कार्यालयहरु | • केन्द्र र प्रदेश तथा अन्य सरोकार निकायवाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु आ–आफ्नो क्षेत्रको सन्दर्भमा आवश्यकता अनुसार परिमार्जन गरी वा नगरी लागू गर्ने,<br>• आफ्नो क्षेत्रमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जुमा गर्ने,<br>• बालमैत्री स्थानीय शासन प्रवद्र्धनको लागि बिभिन्न संरचनाहरुको नियमित वैठक बस्ने<br>• बालमैत्री स्थानीय शासन प्रवद्र्धनको लागि स्थानीयस्तरमा योजना तथा कार्यक्रम संचालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>• बालमैत्री स्थानीय शासन प्रवद्र्धनको लागि बजेट विनियोजन गर्ने,<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति बनाई वार्षिक एवं आवधिक योजनामा समावेश गर्ने,<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन,समिक्षा तथा मूल्याङ्कन गर्ने,<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने,<br>• बालसमूह तथा संजालहरुको विकासमा सहयोग पुर्याउने,<br>• बालमैत्री स्थानीय शासनको बार्षिक प्रगति समीक्षा गर्ने,<br>• आ–आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने, |

| | |
|---|---|
| | • गर्भवती महिला एवं बालबालिकाको स्वास्थ्य सम्बन्धी सेवालाई बालमैत्री गराउने<br>• बालबालिकाको आधारभूत स्वास्थ्य प्रवर्धनको लागि संचालन गरिने योजना तथा कार्यक्रमलाई बालमैत्री बनाउने<br>• बालबालिकाको शैक्षिक विकासका लागि संचालन गरिने योजना तथा कार्यक्रमहरुलाई बालमैत्री बनाउने,<br>• विद्यालय जान नसक्ने र बीचैमा कक्षा छोड्ने बालबालिकालाई विद्यालय शिक्षा उपलव्ध गराउने योजना कार्यान्वयन गर्ने, र व्यवहारीक तालिमको अवसरको व्यवस्था गर्ने<br>• बालबालिकाको शारीरिक विकासको लागि भौतिक साधनको व्यवस्था गर्ने,<br>• बालउद्यानको निर्माण सहित सिकाई स्रोतकेन्द्रको व्यवस्था बिकास गर्ने<br>• सुचीकृत गरिएको बालसमूह तथा बालसमूहसंजालहरुको तथ्याङ्क अद्यावधिक गर्ने<br>• वडालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा निरन्तरताका लागि आवश्यक सहयोग र समन्वय गर्ने। |
| नगरपालिकाको स्वास्थ्य शाखा र स्वास्थ्य चौकीहरु,शहरी स्वास्थ्य किल्निक | • बालबचाउ अन्तर्गतका १४ वटा सूचकहरुको निरन्तर पूर्णताका लागि पोषण सचेतना, गर्भवती जाँच, सुनौला १००० दिन एवं सुरक्षित मातृत्वको कार्यक्रम संचालन, पूर्णखोप अध्यावधिक निरन्तरता, भिटामिन ए, सरसफाई अभियान लगायत आवधिक लगानी योजनाको उल्लेखित कार्य गर्ने |
| संचारक्षेत्र, गै.स.स. तथा टोल विकास संस्था,अन्यसमूह संगठन,संघसंस्थाहरु | • बालबालिकाको पोषण सुधार, बालसंरक्षण, क्षमता विकास, पूर्ण सरसफाई, बालमैत्री स्थानीय शासन कार्यान्वयन र दिगोपनाका लागि सहयोग गर्ने ।<br>• बालमैत्रीआचार संहिता व्यवहार सम्बन्धी प्रचार प्रसार गर्ने ।<br>• विद्यालयतथा समुदायलाई सरसफाईको विषयमा सचेत गराउने ।<br>• बालविकास केन्द्र एवं अन्य कक्षालाई बालमैत्री गराउनका लागि आर्थिक एवं प्राविधिक सहयोग गर्ने।<br>• विद्यालय भर्ना अभियान, बालसमूहको क्षमता विकास,बालअधिकार र बालमैत्री सम्बन्धी सचेतना |

| | |
|---|---|
| | कार्यक्रम लगायत बालबालिकाका लागि तयार गरिएको आवधिक लगानी योजनाका कार्यक्रम सञ्चालनमा सहयोग गर्ने। |
| विभिन्न बालगृहहरु,सेवा सदन,सुधार गृह | असहाय,अनाथ,जोखिममा परेका बालबालिकाको लालन पालन प्रति सचेत रहि सेवा सम्भारको व्यवस्था गर्ने । |

# घोषणाको निरन्तर दिगोपनाका लागि स्थानीय व्यवहारिक रणनीतिहरु

वडा बालमैत्री स्थानीय शासनयुक्त घोषणा र निरन्तर दिगोपनाका लागि तयार भएका कार्ययोजनालाई के कसरी कार्यान्वयन गर्दा दिगोपना हुन सक्छ भनि वडाले **२०८१ श्रावण १५** गते कार्यशालामा तयार गरेको मुख्य रणनीतिहरुः

## सूचकका क्षेत्रगत रणनीतिहरुः

### बालबचाउ

१. सूचक नं. १,२,३,४ र ८ लाई निरन्तरता र दिगोपना गर्न महिला स्वास्थ्य स्वयम सेविकाले आआफ्नो क्षेत्रका गर्भवती महिला समय मै पहिचान गरि स्वास्थ्य संस्थामा पठाएको सुनिश्चितता गर्ने र स्वास्थ्यकर्मीले प्रभावकारी सेवा दिने।
२. सेवाको पहुँच कठिन हुनेलाई गाउँगर क्लिनिकद्वारा सेवा प्रदान गर्ने।
३. सूचक नं. ४ लाई प्रभावकारी बनाउन टाढाका सेवाग्राहीलाई सुत्केरी मिति अगावै बासँको व्यव्था मिलाई संस्थागत सुत्केरीमा जोड दिन सकिन्छ।
४. सूचक नं. ५,६ र ७ लाई निरन्तरता दिन स्वास्थ्य आमा समूहमा, टोल टोलमा प्रत्येक गर्भवती र सुत्केरीलाई पुर्ण स्तनपानको महत्व, भिटामिन "ए" कार्यक्रम र पुर्ण खोपको बारे अभिमुखीकरण गरि यसको महत्व र फाईदा बारे प्रष्ट पार्ने।
५. सूचक नं. ९,१० र ११ लाई निरन्तरता दिन नियमित बृद्धी अनुगमन, समयमै कुपोषणको पहिचान, उपचार र प्रेषण गर्ने।
६. गर्भावस्था देखी नै पोषणको महत्व बारे प्रष्ट्याउने।
७. सूचक नं. १२, १३ र १४ को लागि प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयमसेविकालाई खटाई गरदैलो सर्वेक्षण गरि डाटा सङ्कलन गर्ने र स्वास्थ्यकर्मी परिचालन गरि सरसफाईको कक्षा सञ्चालन गर्ने।
८. माथिका सम्पुर्ण सूचकहरुलाई प्रभावकारी ढङ्गले निरन्तरता दिन आवश्यक बजेट वडाबाट छुट्याउन पर्नेछ।

### बाल संरक्षण

१. अनलाईन मार्फत घटना दर्ता तथा घुम्ती शिविर सञ्चालन गरि घटना दर्ता गर्ने प्रकृया अगाडी बढाउनु पर्ने।
२. प्रत्येक टोल विकास संस्था, महिला सूह, विद्यालय आदीमा वर्षमा कम्तीमा २ पटक अभिमुखीकरण कार्यक्रम ५ वर्ष सम्म सञ्चालन गर्नु पर्ने।
३. अभिभावक शिक्षालाई विद्यालयले अनिवार्य शिक्षाको रुपमा सञ्चालन गरिनु पर्ने।
४. हाल भएका बाल समूहहरुमा मासिक बैठक छलफल निरन्तर हुनु पर्ने।
५. बालबालिकाको अतिरिक्त कृयाकलापको लागि वडा कार्यालय वा सम्वन्धित निकायले उचित बजेटको व्यवस्था गर्नु पर्ने।

६. अभिभावक विहिन बालबालिकाको लागि सम्वन्धित पालिकामा संरक्षण गर्न विशेष दिगो व्यवस्था मिलाउनु पर्ने।
७. लागू औषध दुर्व्यसन सम्वन्धी विद्यालय कक्षा सञ्चालन गरिनु पर्ने।
८. सम्वन्धित निकायबाट प्रत्येक ३-३ महिनामा बिद्यालय क्षेत्र र आवश्यक्ता अनुसार सानै क्षेत्रहरुमा अनिवार्य अनुगमन गरिनु पर्ने।
९. बालबालिकाका लागि मोटिभेसनल कक्षा, योगा साथै जिवनउपयोगी कक्षाहरु सञ्चालन गर्न बजेटको व्यवस्था मिलाईनु पर्ने।
१०.समय समयमा बालबालिका सहित स्थानीय प्रतिनिधी अभिभावकहरुलाई साईवर सेक्युरिटी सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनु पर्ने।
११.सम्वन्धित सरोकारवालाहरु संग बसी पञ्चवर्षिय योजना बनाउनु पर्ने।

## बाल विकास

१. प्रारम्भिक बाल विकासमा भर्ना हुने बालबालिकाहरुको बसाई व्यवस्थापन, शैक्षिक एवं मनोरञ्जनात्मक सामाग्री व्यवस्था गरिनु पर्ने। फरक क्षमता भएका बालबालिकाहरुलाई विशेष विद्यालय पुर्याउन आवश्यक सहजिकरण (यातायातको व्यवस्था) गरिनु पर्ने।
२. आवश्यक शैक्षिक सामाग्री एवं प्रविधिमैत्री शिक्षण प्रभावकारी ढङ्गले सञ्चालन गरिनु पर्ने।
३. अभिभावक सचेतना कार्यक्रमलाई अझ प्रभावकारी बनाउनु पर्ने।
४. खानेपानीको नियमित प्रशोधन तथा वितरणको व्यवस्थापन गरिनु पर्ने।
५. सरसफाई कर्मचारीको व्यवस्थापन गरिनु पर्ने।
६. शौचालय एवं खानेपानीको मर्मत सरसफाई सामाग्रीको व्यवस्थापन गरिनु पर्ने।
७. सेनेटरी प्याड डिस्पोजललाई अझ प्रभावकारी बनाईनु पर्ने।
८. फर्निचर मर्मत तथा कक्षागत सरसफाई सामाग्रीको व्यवस्थापन गरिनु पर्ने।
९. खेल मैदान सुधार एवं खेलकुद सामाग्री व्यवस्थापन गरिनु पर्ने।
१०.बुक फ्रि डे लाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनु पर्ने।
११.वडास्तरीय अन्तर विद्यालय अतिरिक्त कृयाकलापको सञ्चालन गरिनु पर्ने।
१२.नकुहिने फोहोर ब्यवस्थापन सम्वन्धित निकायबाट हुनु पर्ने।
१३.कुहिने फोहोरलाई मलको रुपमा प्रयोग गरिनु पर्ने।

## बाल सहभागिता

१. वार्षिक रुपमा उत्कृष्ट क्रियाशिल बाल समूहलाई सम्मान र पुरस्कृत गर्ने।
२. बालबालिकालाई समावेश गरेर विभिन्न अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने।
३. बालबालिकालाई लक्षित गरि स्वास्थ्य शिविर तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।
४. निष्कृय भएको बाल समूहलाई पुनर्गठन गर्ने र सक्रिय बनाउनको लागि तालिम व्यवस्थापन र प्रेरणा गर्ने।
५. बालभेला बाट आएका योजनालाई उच्च प्राथमिकतामा राखेर योजनालाई पुरा गर्ने।
६. वैठकमा आउदा जादाँ यातायात र खाजा खर्च प्रदान गर्ने।
७. बालबालिकाहरुका लागी आत्मरक्षा तालिम दिने ।
८. जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती प्रदान गर्ने।

९. पढाई छोडेर बसेका बालबालिकाहरुलाई शिपमुलक तालिम प्रदान गरेर आफ्नो खुट्टामा आफै उभिन सक्ने व्यवस्था मिलाईनु पर्ने र फेरी पढाईमा निरन्तरता दिन जोड दिनु पर्ने।

१०. लागूपदार्थमा फसेका बालबालिकाहरुलाई पहिचान गरेर उद्दार गर्ने र समाजमा पुनर्स्थापना गर्न सहयोग गर्ने।

११. राज्यद्वारा बालबालिकालाई छुट्याईएको आर्थिक बजेटको सहि उपयोग गर्ने।

## संस्थागत विकास

१. सूचक नं. १ र २ लाई दिगो व्यवस्थापन गर्न वडामा गठित बाल समूहहरुलाई क्रियाशिल राखी वडाले गर्ने गतिविधीहरुमा बालबालिकाहरुलाई सहभागिता गराई बालबालिकाको समस्या समाधान र आवश्यक माग पुर्तिलाई निरन्तरता दिनु पर्ने।

२. सूचक नं. ३ लाई दिगो व्यवस्थापन गर्न निर्माण भएको बाल उद्यानलाई आवश्यकता अनुसार सुधार मर्मत गरि बालमैत्री सिकाई केन्द्रलाई निरन्तर सञ्चालनमा ल्याउनु पर्ने।

३. सूचक नं. ४ र ५को दिगो व्यवस्थापन गर्न बालबालिकाका लागि तयार भएको पञ्चवर्षिय लगानी योजना अनुसार कार्यान्वयन गर्नु पर्ने। साथै लगानी योजना तर्जुमा कार्यक्रममा प्रत्येक वर्ष बालबालिकाको सहभागिता गराउनु पर्ने।

४. सूचक नं. ६, ७ र ८को दिगोपनाको लागि सम्वन्धित निकाय, संघसंस्थाहरु र बालविकास केन्द्रहरुलाई सक्रिय र जिम्मेवार बनाई अनुगमनलाई निरन्तरता दिने।

५. बाँकी सूचकहरु ९,१०,११,१२,१३,१४ र १५को दिगोपनाको लागि वडा, नगर साथै जिम्मेवार संस्था, टोल लगायत सहयोगी निकाय जिम्मेवार भई जिम्मेवारी वहन गर्ने।

## बाल सम्बोधन निरन्तरताका लागि गरिने मुख्य क्रियाकलापहरु र अनुमानित वजेट

हेटौडा उपमहानगरपालिका १७ नं. वडालाई वि.सं.२०८१ श्रावण मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी भइरहको छ । बालमैत्री स्थानीय शासनयुक्त घोषणाको अन्तिम चरणमा आएको हुँदा घोषणा गरे पश्चात बालअधिकारका चार क्षेत्र र बालमैत्री स्थानीय शासनका सूचकहरुको निरन्तरता र दिगोपनाका कार्यक्रमहरु संचालन गरिने छ । तल उल्लेखित क्रियाकलापहरु वडाले उपलब्ध गराउने स्रोत, वडाको आफ्नो स्रोत, केन्द्र, प्रदेश सरकारबाट प्राप्त हुने स्रोत लगायतका विभिन्न संघसंस्था बाट प्राप्त हुने स्रोतबाट संचालन हुनेबालमैत्री स्थानीय शासनयुक्त घोषणा निरन्तर दिगोपनाका लागि पूरा गरिरहनु पर्ने बालबचाउ सम्बन्धी सूचकहरुः

| क्र स | सुचक | घोषणाको लागि आवश्यक प्रतिशत |
|---|---|---|
| **क.** | **बालबचाउ** | |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ८ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराएको हुनेछन। | ९५% |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९५% |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन्। | ९५% |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराईएका हुनेछन् । | ८०% |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पुर्ण स्तनपान गराएका हुनेछन् । | ८०% |
| ६ | छ महिला देखि पाँच वर्ष मुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए | १००% |

| | | |
|---|---|---|
| | क्याप्सुल खुवाईएको हुनेछ। | |
| ७ | १५ देखी २३ महिनाभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पुर्ण खोप प्राप्त गरी पूर्णखोपयुक्त घोषणा भएको हुनेछ। | १००% |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV prophylaxis पाएका हुनेछन्। | १००% |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | १००% |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | ८०% |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | १००% |
| १२ | सबै घरधुरीमा आधारभुत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | १००% |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | १००% |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ। | १००% |

## वडास्तरीय रणनीतिक कार्ययोजनाहरु र वजेट

| क्र.स. | समस्या/ सवाल | सुधार तथा दिगोपनाका लागी गरिने क्रियाकलापहरु | योजना अवधी (आगामी ५ वर्षको जम्मा) | | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|
| | | | संङ्ख्या | बजेट (एकमुष्ठ) | प्रमुख | सहयोगी |
| | | **बाल बचाऊ** | | | | |
| १ | -पोषण सचेतना -कुपोषण -सुत्केरी जाँच -प्रोत्साहन | सुत्केरी भेला गरी पूर्णस्तनपानको महत्व बारे सचेतना कार्यक्रम गर्ने | १० | २५,००० | स्वास्थ्य संस्था | स्वा.व्य.स |
| २ | | गर्भवती र सुत्केरीसंग स्थानीय पोषिलो खाना व्यवस्थापन बारे अन्तरक्रिया गर्ने | ८ | २८,००० | स्वास्थ्य संस्था | स्वा.व्य.स |
| ३ | | स्वास्थ संस्था, आमा समूह, टोविस तथा सहकारीहरुको बैठकमा स्वास्थ्यका सूचक सम्बन्धी अन्तरक्रिया गर्ने | ९ | २२,५०० | स्वास्थ्य संस्था | स्वा.व्य.स |
| ४ | | स्तनपान सप्ताह मनाउने | ५ | ५०,००० | स्वास्थ्य संस्था | स्वा.व्य.स |
| ५ | | प्रत्येक वर्ष २ वर्ष भित्रका बालबालिकाको तथ्यांक अद्यावधिक गर्ने (महिला स्वास्थ्य स्वमसेविका ) | ५ | २०,००० | स्वास्थ्य संस्था | विद्यालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | | पुर्ण सुत्केरी वडा घोषणा गर्ने | | | न.पा., वडा | स्वास्थ्य संस्था |
| ७ | | पोषण स्क्रिनिङ क्याम्प संचालन | | | न.पा. | स्वास्थ्य संस्था |
| ८ | स्वास्थ्य संस्थामा पहुँच र व्यवस्थापन | स्वास्थ्य स्वयमसेविका र बालसमूह परिचालन गरी विद्यालय टोलस्तरीय हात धुने आनीबानी परिवर्तन सम्बन्धी कार्यक्रम गर्ने | ९ | १८,००० | वातावरण शाखा | स्वास्थ्य संस्था |
| ९ | | विश्व चर्पि दिवस, पानी दिवस र राष्ट्रिय सरसफाई सप्ताहमा सचेतनामूलक कार्यक्रम गर्ने | ५ | ५०,००० | वातावरण शाखा | स्वास्थ्य संस्था |
| १० | | आइरन चक्की, क्यालसियम चक्की व्यवस्थापन | निरन्तर | | न.पा. | स्वास्थ्य संस्था |
| ११ | | सम्पूर्ण घरधुरीमा व्यवस्थित शौचालय निर्माण गर्ने ( नभएका परिवारलाई शौचालय व्यवस्थित गर्न अनुदान दिने) | निरन्तर | २,००,००० | वडा कार्यालय | वातावरण शाखा |
| १२ | | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति नियमित वैठक बालबालिका सहित कम्तिमा **बर्षको ८ पटक** | निरन्तर | | न.पा., वडा | स्वास्थ्य संस्था |
| १३ | | किशोर किशोरी मैत्री स्वास्थ्य सेवा संचालन प्रति **बर्ष १ पटक** | निरन्तर | | न.पा., वडा | स्वास्थ्य संस्था |
| १४ | खोप | पूर्ण खोपको सुनिश्चितता घोषणा अद्यावधिक गर्ने | ५ | २५,००० | स्वास्थ्य संस्था | वडा कार्यालय |
| १५ | भिटामिन ए | भिटामिन “ए” को सुनिश्चिताको लागि सूचना सचेतना र अनुगमन माइकिङ. आदि प्रति **बर्ष२ पटक कार्तिक,बैशाख** | निरन्तर | | न.पा. | स्वास्थ्य संस्था |
| १६ | स्वास्थ्य शिक्षा | विद्यालयमा प्रजनन स्वास्थ्य शिक्षा सम्बन्धी सत्र संचालन गर्ने ( ६ कक्षा माथिका किशोर किशोरीलाई ) | १४ | ३५,००० | स्वास्थ्य संस्था | विद्यालय |
| | | विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था गर्ने | निरन्तर | - | न.पा. | स्वास्थ्य संस्था |
| १७ | खानेपानी र सरसफाई | टोविसले खानेपानीको मुहान सरसफाई गर्ने र पानी शुद्धकरणका घरेलु उपायबारे स्वास्थ्य स्वयमसेविका मार्फत टोलमा र विद्यालयमा सचेतना गर्ने | ९ | १८,००० | वातावरण शाखा | स्वास्थ्य संस्था |
| १८ | | पानीको गुणस्तर परिक्षण र अनुगमन बर्षको १ पटक वडामा | निरन्तर | | न.पा., वडा | स्वास्थ्य संस्था |

## बालसंरक्षण

## बालमैत्री स्थानीय शासन घोषणा निरन्तर दिगोपनाका लागि पूरा गरिरहनु पर्ने बालसंरक्षण सम्बन्धी सूचकहरुः

| क स | सुचक | घोषणाको लागि आवश्यक प्रतिशत |
|---|---|---|
| **ख.** | **बालसंरक्षण** | |
| १५ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | १००% |
| १६ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनस्थापना भएको हुनेछ। | १००% |
| १७ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | १००% |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान )विद्यालय, सामाजिक चाडपर्व,भेला(मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुव्र्यवहारमा कमि आएको हुनेछ । | ८०% |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई संचालनमा ल्याईएको हुनेछ। | १००% |
| २० | छाउपडि, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | ९५% |
| २१ | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिकाको संरक्षण (भएका) गर्न विशेषव्यवस्था गरेका हुनेछन् । | १००% |
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ ।सडक ) बालगृहमा (भएकोमा) बालबालिकालाई राखी व्वस्थापन भएको हुने । | १००% |
| २३ | स्थानीय तहमा रहेका विद्मालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १००% |
| २४ | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् | १००% |

| क्र.स. | समस्या/ सवाल | सुधार तथा दिगोपनाका लागि गरिने क्रियाकलापहरु | योजना अवधी (आगामी ५ वर्षको जम्मा) | | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|
| | | | संङ्ख्या | बजेट (एकमुष्ठ) | प्रमुख | सहयोगी |
| | | | **बाल संरक्षण** | | | |
| १ | जन्मदर्ता | ३५ दिन भित्र जन्मदर्ता गराउन अभिभावक, समुदाय सचेतना कार्यक्रम (अभियान संचालन ,बालसमूह ) **बर्षमा १ पटक** | निरन्तर | | वडा कार्यालय | बाल अधिकार समिति |
| २ | बालविवाह | बालविवाहमुक्त र निकृष्ट बालश्रम मुक्त वडा घोषणा गर्ने र ठाउँ ठाउँमा साइन बोर्ड टांस गर्ने | १ | १,००,००० | वडा कार्यालय | बाल अधिकार समिति |
| ३ | | बालविवाह, बालश्रम, बालहिंसा, बकालत विरुद्धमा रहेका कानूनी प्रावधान सम्बन्धी टोलमा माइकिङ गर्ने, सडक नाटक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्ने | १० | ६०,००० | वडा कार्यालय | बाल अधिकार समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | बालश्रम | बालअधिकार समतितिको ४/४ महिनामा बाल अधिकार तथा संरक्षणको अवस्था अनुगमन गर्ने | निरन्तर | ९०,००० | वडा कार्यालय | बाल अधिकार समिति |
